# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, असोज १८ गते, २०८० साल (संख्या ३२


## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

### तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०८०

तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ सम्झनु पर्छ ।

## परिच्छेद-२

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **अनुमतिपत्र लिनु पर्नेः** (१) ऐनको दफा ३ को उपदफा (१) बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी वा पैठारीको लागि अनुमतिपत्र लिन चाहने व्यक्तिले पच्चीस हजार रुपैयाँ दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) ऐनको दफा ३ को उपदफा (१) बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थको बिक्री वितरणको लागि अनुमतिपत्र लिन चाहने व्यक्तिले दश हजार रुपैयाँ दस्तुर सहित अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन मनासिब



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखेमा अनुसूची-३ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको निवेदन प्राप्त भएमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन मनासिब देखेमा अनुसूची-४ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

४. **अनुमतिपत्रको नवीकरणः** (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी वा पैठारीको लागि अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले ऐनको दफा ६ को उपदफा (२) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरणको लागि दश हजार रुपैयाँ दस्तुर सहित अनुसूची-५ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) तेजाब वा अन्य घातक रासायनिक पदार्थको बिक्री वितरणको लागि अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले ऐनको दफा ६ को उपदफा (२) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरणको लागि पाँच हजार रुपैयाँ दस्तुर सहित सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसक्ने अनुमतिप्राप्त व्यक्तिले ऐनको दफा ६ को उपदफा (३) बमोजिमको अवधिभित्र उपनियम (१) वा (२) मा उल्लिखित दस्तुरको दोब्बर दस्तुर सहित निवेदन दिन सक्नेछ।

५. **पैठारीको लागि स्वीकृति माग गर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले ऐनको दफा १४ को उपदफा (१) बमोजिम तेजाब



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्नु पर्ने भएमा अनुसूची-७ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) प्रचलित कानून बमोजिम दर्ता भएको वा इजाजत प्राप्त गरेको कुनै उद्योगलाई औद्योगिक प्रयोजनको लागि तेजाब वा अन्य घातक रासायनिक पदार्थ आवश्यक पर्ने भई पैठारी गर्नु पर्ने भएमा ऐनको दफा १४ को उपदफा (४) बमोजिम पूर्व स्वीकृतिको लागि अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

६. **पैठारी गर्न पूर्व स्वीकृति दिने:** (१) नियम ५ बमोजिम परेको निवेदन सम्बन्धमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्न पूर्व स्वीकृति दिन मनासिब देखेमा पैठारी गरिसक्नु पर्ने अवधि तोकी अनुसूची-९ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ।

(२) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र काबु बाहिरको परिस्थिति परी तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्न नसकेमा सम्बन्धित व्यक्ति वा संस्थाले म्याद थपको लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम परेको निवेदन सम्बन्धमा मन्त्रालयले जाँचबुझ गरी त्यस्तो अवधि थप गर्न मनासिब देखेमा उपयुक्त म्याद थप गरी दिन सक्नेछ।

७. **ओसारपसार गर्ने परिमाण:** कसैले नाइट्रिक एसिड, सल्फरिक एसिड वा हाइड्रोक्लोरिक एसिड ओसारपसार गर्नु पर्दा एक पटकमा एक हजार किलोग्राम भन्दा बढी ओसारपसार गर्नु हुँदैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **<u>बीमा गराउनु पर्ने</u>:** (१) ऐनको दफा ८ को उपदफा (६) बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, ओसारपसार, भण्डारण, बिक्री वितरण र प्रयोग गर्न अनुमति लिने व्यक्ति वा फर्मले त्यस्तो कार्यमा संलग्न व्यक्तिको बीमा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बीमा गर्दा प्रत्येक व्यक्तिको दश लाख रुपैयाँको दुर्घटना वा जीवन बीमा गराउनु पर्नेछ ।

९. **<u>प्रयोगको लागि पूर्व स्वीकृति लिनु पर्ने</u>:** (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्रयोग गर्ने उद्योग, प्रयोगशाला, अनुसन्धानशाला, शैक्षिक संस्था, कार्यशाला, वर्कशप, धातुका गहना बनाउने वा अन्य कुनै यस्तै व्यावसायिक काम गर्ने फर्म, कम्पनी वा व्यक्तिले मासिक एक लिटर वा एक किलोग्रामभन्दा बढी तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गर्नु पर्ने भएमा ऐनको दफा ११ को उपदफा (४) बमोजिम पूर्व स्वीकृतिको लागि अनुसूची-१० बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम परेको निवेदन सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले आवश्यक जाँचबुझ गरी पूर्व स्वीकृति दिन मनासिब देखेमा अनुसूची-११ बमोजिमको ढाँचामा स्वीकृति दिनु पर्नेछ।

१०. **<u>औद्योगिक प्रयोजनका लागि मात्र अनुमतिपत्र दिन सकिने</u>:** (१) ऐनको दफा ५ को प्रयोजनको लागि सम्बन्धित उद्योगलाई मात्र अनुमतिपत्र दिइने तेजाब वा अन्य घातक रासायनिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदार्थको विवरण मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचनामा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग हुने उद्योगको प्रकृति,

(ख) खण्ड (क) बमोजिमको प्रकृतिका उद्योगमा प्रयोग हुने तेजाब वा अन्य घातक रासायनिक पदार्थको नाम।

(३) उपनियम (१) बमोजिमको सूचनामा तोकिएका तेजाब वा अन्य घातक रासायनिक पदार्थ त्यस्तो प्रकृतिको उद्योगको प्रयोजन बाहेक कुनै पनि प्रयोजनको लागि उत्पादन, निकासी, पैठारी, बिक्री, वितरण वा प्रयोग गर्न पाइने छैन।

## परिच्छेद-३

## शर्त तथा मापदण्ड

११. **उत्पादन गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्डः** अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन गर्दा देहायका शर्त तथा मापदण्ड पालना गर्नु वा गराउनु पर्नेछः-

(क) रसायनको प्रकृति अनुसार उत्पादन स्थल र कार्यरत कामदारको लागि उपयुक्त सुरक्षा व्यवस्था र सम्भावित दुर्घटना सम्बन्धी आपतकालीन तयारीको प्रबन्ध मिलाउनु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उत्पादन स्थलमा खतरा जनाउने चिन्ह वा सङ्केत राख्नु पर्ने,

(ग) सम्बन्धित रसायन सम्बन्धी विषय विज्ञको प्रत्यक्ष निगरानीमा उत्पादन गर्नु पर्ने,

(घ) उत्पादन कार्यमा संलग्न कामदार तथा कर्मचारीलाई रासायनिक पदार्थबाट पुग्न सक्ने असर र जोखिमको बारेमा जानकारी दिनुको साथै त्यस्तो पदार्थ प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी सम्बन्धमा आवश्यक तालिमको व्यवस्था गर्नु पर्ने।

१२. **<u>निकासी, पैठारी वा ओसारपसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्डः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको निकासी, पैठारी वा ओसारपसार गर्दा देहायका शर्त तथा मापदण्डको पालना गर्नु वा गराउनु पर्नेछः-

(क) निकासी, पैठारी वा ओसारपसार गर्दा प्रयोग गरिने ढुवानीको साधनमा अनुमतिपत्रमा उल्लेख भए बमोजिमको सुरक्षा प्रबन्धको व्यवस्था हुनु पर्ने र चालक तथा सहचालकले सम्भावित जोखिम व्यवस्थापन सम्बन्धी तालिम प्राप्त गरेको हुनु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) तेजाब वा अन्य घातक रासायनिक पदार्थ राख्ने भाँडो वा कन्टेनर आपसमा रासायनिक प्रतिक्रिया नगर्ने, सुरक्षित, नचुहिने तथा नफुट्ने हुनु पर्ने,

(ग) फरक फरक प्रकारका तेजाब वा अन्य घातक रासायनिक पदार्थ एउटै सवारी साधनमा राखी ढुवानी गर्न नहुने,

(घ) प्रयोग गरिने सवारी साधनमा खतरा जनाउने चिन्ह वा सङ्केत उल्लेख गर्नु पर्ने,

(ङ) तेजाब वा अन्य घातक रासायनिक पदार्थ ओसारपसार गर्दा मानव बस्तीमा कुनै पनि प्रकारको जोखिम नहुने गरी गर्नु पर्ने ।

(२) नियम ६ बमोजिम पूर्व स्वीकृति प्राप्त गरेको उद्योगले सो बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्दा उपनियम (१) बमोजिमको शर्त तथा मापदण्डको पालना गर्नु पर्नेछ ।

१३. **<u>प्याकेजिङ्ग वा पुनः प्याकेजिङ्ग गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्ड:</u>** अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्याकेजिङ्ग वा पुनः प्याकेजिङ्ग गर्दा देहायका शर्त तथा मापदण्डको पालना गर्नु वा गराउनु पर्नेछः-

(क) सहजै नफुट्ने, नभाँचिने, नचुहिने, मुसा वा अन्य जीवजन्तुले काट्न नसक्ने भाँडोमा प्याकेजिङ्ग गर्नु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्याकेजिङ्ग गर्दा रसायनको गुण अनुसार उपयुक्त भाँडोमा प्याकेजिङ्ग गर्नु पर्ने,

(ग) प्याकेजिङ्ग गर्ने व्यक्तिको सुरक्षाको लागि आवश्यक ग्लोब, पञ्जा, मास्क तथा अन्य सुरक्षा उपकरणको व्यवस्था गर्नु पर्ने,

(घ) प्याकेजिङ्ग गर्ने व्यक्तिलाई सोको जोखिम र सुरक्षित हुने तरिकाको विषयमा पर्याप्त अभिमुखीकरण गराउनु पर्ने,

(ङ) प्याकेजिङ्ग गर्दा सम्बन्धित रसायन सम्बन्धी विषय विज्ञको निगरानीमा गर्ने व्यवस्था मिलाउनु पर्ने,

(च) प्याकेजिङ्ग गरिने भाँडो वा बोतलको बिर्कोमा अनुमतिपत्र प्राप्त व्यक्तिको अनुमतिपत्र नम्बर र हस्ताक्षर सहितको सिल गर्नु पर्ने,

(छ) प्याकेजिङ्ग गरिने भाँडो वा बोतलको बाहिरी भागमा खतराको सङ्केत, नेपाली भाषामा सो पदार्थको नाम, प्रयोगको तरिका र प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीका विषय उल्लेख गर्नु पर्ने,

(ज) खुद्रा बिक्रीको लागि प्याकेजिङ्ग गर्दा बोतलको मुखको व्यास बढीमा बीस मिलिमिटर भएको अधिकतम एक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

किलोग्राम वा एक लिटरको बोतलमा प्याकेजिङ्ग गर्नु पर्ने,

(झ) खुद्रा बिक्रीको लागि प्याकेजिङ्ग गरिने भाँडो वा बोतल पानी, दुध वा दुधजन्य पदार्थ, हल्का पेय पदार्थ, मदिराजन्य पदार्थ वा अन्य पेय पदार्थ राख्न प्रयोग गरिने भाँडो वा बोतल भन्दा फरक आकारको हुनु पर्ने ।

१४. **भण्डारण गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्डः** अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको भण्डारण गर्दा देहायका शर्त तथा मापदण्डको पालना गर्नु वा गराउनु पर्नेछः-

(क) सुक्खा र पर्याप्त हावा खेल्ने स्थानमा तथा सम्बन्धित रसायनको प्रकृति अनुसारको उपयुक्त तापक्रममा भण्डारण गर्नु पर्ने,

(ख) तातो वा आगोको स्रोत नभेटिने स्थानमा भण्डारण गर्नु पर्ने,

(ग) अधातुबाट बनेको तख्तामा भण्डारण गर्नु पर्ने,

(घ) एक आपसमा मिसिंदा रासायनिक प्रतिक्रिया हुने प्रकृतिका तेजाब वा अन्य घातक रासायनिक पदार्थ मिसिन नसक्ने गरी अलग अलग स्थानमा भण्डारण गर्नु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) क्षार, अक्सिडाईजिङ्ग एजेन्ट, अर्गानिक तथा प्रज्वलनशील पदार्थसँग एउटै स्थानमा भण्डारण गर्न नहुने,

(च) भण्डारण गरिएको स्थानमा खतरा जनिने सङ्केत वा चिन्ह उल्लेख गर्नु पर्ने,

(छ) खाद्य पदार्थ वा दैनिक उपभोग्य अन्य वस्तुसँग एकै ठाउँमा भण्डारण गर्न नहुने।

१५. **<u>बिक्री गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्डः</u>** अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री गर्दा देहायका शर्त तथा मापदण्डको पालना गर्नु वा गराउनु पर्नेछः-

(क) तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्रयोग गर्ने उद्योग, प्रयोगशाला, अनुसन्धानशाला, शैक्षिक संस्था, कार्यशाला, वर्कशप, धातुका गहना बनाउने वा अन्य कुनै यस्तै व्यावसायिक काम गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई मात्र बिक्री गर्नु पर्ने,

(ख) कुनै व्यक्तिलाई नियम ९ को उपनियम (१) मा उल्लिखित परिमाण भन्दा बढी परिमाणमा तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री गर्नुपर्ने भएमा सो नियम बमोजिम पूर्व स्वीकृति पाएको आधारमा मात्र बिक्री गर्नु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खरिद गर्ने व्यक्तिको पहिचान र खरिदको प्रयोजन स्पष्ट हुने गरी सोको अभिलेख राखेर मात्र बिक्री गर्नु पर्ने,

(घ) खरिद गर्ने व्यक्तिलाई प्रयोग तथा भण्डारण गर्ने तरिकाको बारेमा तथा सोबाट उत्पन्न हुन सक्ने जोखिमको विषयमा समेत जानकारी गराउनु पर्ने,

(ङ) खरिद तथा बिक्री वितरण गर्दा अनिवार्य रुपमा बिल बीजकको प्रयोग गर्नु पर्ने।

१६. **<u>प्रयोग गर्दा पालना गर्नु पर्ने शर्तः</u>** तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गर्ने व्यक्तिले देहायका शर्त पालना गर्नु वा गराउनु पर्नेछः-

(क) तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गर्दा ग्लोब, पञ्जा, मास्क तथा अन्य सुरक्षा उपकरणको प्रयोग गर्नु पर्ने,

(ख) तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गर्न निर्धारण गरिएको प्रयोग विधि तथा मापदण्डको पालना गर्नु पर्ने,

(ग) जुन प्रयोजनको लागि खरिद गरेको हो सो बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न नहुने,

(घ) प्रयोग गरी बाँकी रहेको तेजाब वा अन्य घातक रासायनिक पदार्थ सुरक्षित रुपमा भण्डारण गर्नु पर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. **विसर्जन गर्दा पालना गर्नु पर्ने शर्तः** तेजाब वा अन्य घातक रासायनिक पदार्थ विसर्जन गर्ने व्यक्तिले देहायका शर्त पालना गर्नु वा गराउनु पर्नेछः-

(क) तेजाब वा अन्य घातक रासायनिक पदार्थ विसर्जन गर्दा ग्लोब, पञ्जा, मास्क तथा अन्य सुरक्षा उपकरणको प्रयोग गर्नु पर्ने,

(ख) तेजाब वा अन्य घातक रासायनिक पदार्थ विसर्जन गर्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले तोकेको मानव बस्ती भन्दा टाढा वातावरणमा गम्भीर प्रतिकूल असर नपर्ने गरी विसर्जन गर्नु पर्ने,

(ग) तेजाब वा अन्य घातक रासायनिक पदार्थ विसर्जन गर्न निर्धारण गरिएको प्रयोग विधि तथा मापदण्डको पालना गर्नु पर्ने,

(घ) विसर्जन गरिएको तेजाब वा अन्य घातक रासायनिक पदार्थ त्यस्तो क्षेत्रबाट झिक्न वा पुनः प्रयोगमा ल्याउन नसकिने गरी विसर्जन गर्नु पर्ने।

१८. **विवरण पेश गर्नु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले ऐनको दफा १० को उपदफा (१) बमोजिम आफूले उत्पादन, निकासी वा पैठारी गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको देहायको विवरण तयार गर्न अनुसूची-१२ बमोजिमको ढाँचामा प्रत्येक छ महिनामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत वा सोझै अनुमतिपत्र जारी गर्ने अधिकारी समक्ष पठाउनु पर्नेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उत्पादन, निकासी वा पैठारी गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको परिमाण,

(ख) उत्पादन, निकासी वा पैठारी गरिएको अवधि,

(ग) उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा उत्पादन क्षमता र क्षमता बमोजिम उत्पादन भए नभएको विवरण,

(घ) मौज्दात परिमाण,

(ङ) प्रयोगको अवस्था ।

(२) तेजाब वा अन्य घातक रासायनिक पदार्थलाई कच्चा पदार्थ वा सहायक कच्चा पदार्थको रुपमा प्रयोग गरी कुनै वस्तु उत्पादन गर्ने उद्योगले ऐनको दफा १० को उपदफा (३) बमोजिमको विवरण तयार गर्न अनुसूची-१३ बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत वा सोझै अनुमतिपत्र जारी गर्ने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

१९. **खरिदको लागि माग गर्ने:** (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थ खरिद गर्न चाहने उद्योग, प्रयोगशाला, अनुसन्धानशाला, शैक्षिक संस्था, कार्यशाला, वर्कशप, धातुका गहना बनाउने वा अन्य कुनै यस्तै व्यावसायिक काम गर्ने फर्म, कम्पनी वा व्यक्तिले ऐनको दफा ११ को उपदफा (३) बमोजिमको विवरण खुल्ने गरी अनुसूची-१४ बमोजिमको ढाँचामा अनुमतिपत्र प्राप्त व्यक्ति समक्ष निवेदन दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम लिखित रुपमा माग गरेको आधारमा सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री गरी खरिदकर्ताको भरपाई गराई राख्नु पर्नेछ ।

२०. **<u>बिक्रीको अभिलेख सम्बन्धी व्यवस्थाः</u>** (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले अनुसूची-१५ बमोजिमको ढाँचामा बिक्रीको अभिलेख राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बिक्रीको अभिलेख सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकारीले मागेको बखत अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराउनु पर्नेछ।

२१. **<u>नष्ट वा विसर्जनको अभिलेख सम्बन्धी व्यवस्थाः</u>** ऐनको दफा २६ को उपदफा (३) वा दफा २७ को उपदफा (२) बमोजिम नष्ट वा विसर्जन गर्नेले अनुसूची-१६ बमोजिमको ढाँचामा नष्ट वा विसर्जन गरिएको तेजाब तथा अन्य घातक रासायनिक पदार्थको अभिलेख राख्नु पर्नेछ।

## परिच्छेद-४

## <u>समिति तथा जिल्ला समितिको काम, कर्तव्य र अधिकार</u>

२२. **<u>समितिको काम कर्तव्य र अधिकारः</u>** ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्रयोगमा नियन्त्रण र नियमन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय र परामर्श गर्ने,

(ख) जिल्ला समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरी आवश्यक कारबाहीको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ग) समितिको काम कारबाही सुचारु रुपले सञ्चालन गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्ने ।

२३. **<u>जिल्ला समितिको काम, कर्तव्य र अधिकारः</u>** ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्रयोगमा नियन्त्रण र नियमन गर्ने सम्बन्धमा जिल्ला स्तरीय निकायसँग समन्वय र परामर्श गर्ने,

(ख) तेजाब वा अन्य घातक रासायनिक पदार्थको दुरुपयोग रोक्ने तथा त्यस्ता पदार्थको दुरुपयोगबाट हुन सक्ने हानि नोक्सानी तथा समाजमा पर्न सक्ने नकारात्मक असर सम्बन्धमा भएका कानूनी व्यवस्था समेतका बारेमा स्थानीय तह, गैर सरकारी सङ्घ संस्था तथा सर्वसाधारण समेतको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) तेजाब वा अन्य घातक रासायनिक पदार्थको नियमन सम्बन्धमा जिल्लाभर भएका काम कारबाहीको अभिलेख राखी विद्युतीय अभिलेखको लागि मन्त्रालयमा लेखी पठाउने,

(घ) मन्त्रालय तथा समितिले समय समयमा दिएका निर्देशनको पालना गर्ने वा गराउने।

२४. **प्रतिवेदन पेश गर्ने:** (१) जिल्ला समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र देहायका विवरण खुलाई समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी तथा प्रयोगको अवस्था,

(ख) अनुमतिपत्रको शर्त बमोजिमको कार्य भए वा नभएको विवरण,

(ग) नष्ट वा विसर्जन गरिएको तेजाब वा अन्य घातक रासायनिक पदार्थको मात्रा वा परिमाण,

(घ) तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्रयोगको कारणले कुनै घटना वा दुर्घटना भएको भए सोको विवरण,

(ङ) जिल्ला समितिले आवश्यक ठानेका अन्य विवरण ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम जिल्ला समितिले पेश गरेको प्रतिवेदन समेतको आधारमा देहायका विवरण समेत खुलाई समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) उपनियम (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको मुलुकभरीको विवरण,

(ख) तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्रयोग समेतको विषयमा सुधार गर्नु पर्ने नीतिगत विषय भए सोको व्यहोरा,

(ग) समितिबाट सञ्चालन भएका सचेतनामूलक कार्यको विवरण,

(घ) समितिबाट भएका उपलब्धि र सुधार गर्नु पर्ने कुनै विषय भए सोको व्यहोरा,

(ङ) नेपाल सरकारले कार्यान्वयन गर्नु पर्ने कुनै विषय भए सो विषय।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदन मन्त्रालयले आफ्नो वेबसाइटमा राखी सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद-५
## विविध

२५. **विद्युतीय प्रणालीमा विवरण प्रविष्ट गर्नु पर्नेः** (१) ऐनको दफा १९ बमोजिम मन्त्रालयले विकास गर्ने विद्युतीय प्रणालीमा अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका विवरण प्रविष्ट गर्नु पर्नेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार वा बिक्री मध्ये के को लागि अनुमतिपत्र प्राप्त गरेको हो सोको विवरण,

(ख) अनुमतिपत्र बहाल रहने अवधि,

(ग) उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार वा बिक्री गरिएको तेजाब वा अन्य घातक रासायनिक पदार्थको नाम,

(घ) उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार वा बिक्री गर्न अनुमतिपत्र प्राप्त गरेको परिमाण,

(ङ) उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार वा बिक्री गरिएको परिमाण,

(च) उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार वा बिक्रीको प्रयोजन,

(छ) ओसारपसार गरिएको भए कुन स्थानबाट कुन स्थानसम्म ओसारपसार गरिएको हो सोको विवरण,

(ज) बिक्री गरिएको भए कसलाई कुन प्रयोजनको लागि बिक्री गरिएको हो सोको विवरण,

(झ) पैठारी गरिएको भए सम्बन्धित मुलुकको नाम,

(ञ) मौज्दातको विवरण ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ऐनको दफा १४ को उपदफा (४) बमोजिम स्वीकृति प्राप्त गरी तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्ने उद्योगले देहायको विवरण उपनियम (१) बमोजिमको विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछः-

(क) पैठारी गरिएको तेजाब वा अन्य घातक रासायनिक पदार्थको नाम,

(ख) पैठारी गर्न स्वीकृति पाएको मिति,

(ग) पैठारी गर्न पाएको स्वीकृति कायम रहने अवधि,

(घ) पैठारी गर्न स्वीकृति पाएको परिमाण र पैठारीको प्रयोजन,

(ङ) पैठारी गरिएको परिमाण,

(च) पैठारी गरिएको मुलुक,

(छ) मौज्दातको विवरण ।

२६. **प्रचलित कानूनको व्यवस्था पालना गर्नु पर्नेः** (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण सम्बन्धी कार्य गर्न चाहने व्यक्तिले प्रचलित कानून बमोजिम कुनै इजाजतपत्र, अनुमतिपत्र वा स्वीकृति लिनु पर्ने भएमा त्यस्तो इजाजतपत्र, अनुमतिपत्र वा स्वीकृति लिए पछि मात्र ऐन वा यस नियमावली बमोजिम अनुमतिपत्र वा स्वीकृति दिइनेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्दा प्रचलित कानून बमोजिम कुनै शर्त पालना गर्नु पर्ने भएमा त्यस्तो शर्त समेत पालना गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. **<u>अनुसूची हेरफेर गर्न सक्ने:</u>** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

२८. **<u>खारेजी र बचाउ:</u>** (१) तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०७७ खारेज गरिएको छ ।

(२) तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

## अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा

(तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन, निकासी वा पैठारीको लागि)

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

मिति : ................

विषय : अनुमतिपत्र पाउँ ।

तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा ३ बमोजिम देहायको तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन/निकासी/पैठारी गर्न चाहेको हुँदा अनुमतिपत्र पाउन अनुरोध छ ।

१. अनुमति प्राप्त गर्न चाहने व्यक्तिको विवरणः
   - (क) पूरा नामः
   - (ख) ठेगानाः
   - (ग) सम्पर्क टेलिफोन नम्बरः
   - (घ) स्थायी लेखा नम्बरः
   - (ङ) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानी नम्बरः
   - (च) उद्योग/व्यवसाय/फर्म/कम्पनीको हकमा दर्ता भएको निकायः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अनुमति प्राप्त गर्न चाहेको तेजाब वा अन्य रासायनिक पदार्थको विवरण:

(क) नाम:

(ख) उत्पादन गर्ने भए,-

(१) उत्पादन गर्ने स्थान:

(२) उत्पादनको प्रयोजन:

(३) उत्पादन क्षमता:

(४) उत्पादन गरिने अनुमानित परिमाण:

(५) उत्पादन गरिने तेजाब वा अन्य घातक रासायनिक पदार्थको स्तर र प्रकार:

(६) उत्पादनको लागि आवश्यक पूर्वाधार पूरा गरेको विवरण:

..............................................................

(ग) निकासी/पैठारी गर्ने भए,-

(१) निकासी/पैठारी गरिने मुलुक:

(२) परिमाण:

(घ) पैठारी गर्ने भए,-

(१) पैठारीको प्रयोजन:

(२) प्रयोग हुने क्षेत्र:

(ङ) तेजाब वा अन्य घातक रासायनिक पदार्थको सम्मिश्रण, मात्रा तथा अन्य प्राविधिक विवरण (स्पेशिफिकेशन):

..............................................................

..............................................................

..............................................................

..............................................................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. संलग्न कागजातहरु:

(क) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानीको प्रतिलिपि,

(ख) उद्योग/व्यवसाय/फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण,

(घ) स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि,

(ङ) सम्बन्धित मन्त्रालयको सिफारिस ।

निवेदकको,-

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क टेलिफोन नम्बर :

संस्थाको तर्फबाट भए पद:

संस्थाको तर्फबाट भए छाप:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

अनुसूची-२

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

<u>अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा</u>

(तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरणको लागि)

श्री प्रमुख जिल्ला अधिकारीज्यू, मिति :................

.........जिल्ला प्रशासन कार्यालय।

विषयः <u>अनुमतिपत्र पाउँ</u> ।

तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा ३ बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरण गर्न चाहेको हुँदा अनुमतिपत्र पाउन अनुरोध छ।

१. अनुमति प्राप्त गर्न चाहने व्यक्तिको विवरणः

(क) पूरा नामः

(ख) ठेगानाः

(ग) सम्पर्क टेलिफोन नम्बरः

(घ) स्थायी लेखा नम्बरः

(ङ) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानी नम्बरः

(च) उद्योग/व्यवसाय/फर्म/कम्पनीको हकमा दर्ता भएको निकायः

२. अनुमति प्राप्त गर्न चाहेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको विवरणः

(क) नामः

(ख) बिक्री वितरण गरिने स्थानः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) तेजाब वा अन्य घातक रासायनिक पदार्थको सम्मिश्रण, मात्रा तथा अन्य प्राविधिक विवरण (स्पेशिफिकेशन):

..........................................................................................
......................................................

३. संलग्न कागजातहरु:

(क) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानीको प्रतिलिपि,

(ख) उद्योग/व्यवसाय/फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण,

(घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।

निवेदकको,-

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क टेलिफोन नम्बर :

संस्थाको तर्फबाट भए पद:

संस्थाको तर्फबाट भए छाप:

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३

(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

अनुमतिपत्रको ढाँचा

(तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन, निकासी वा पैठारीको लागि)

नेपाल सरकार

गृह मन्त्रालय

विषय : तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन/निकासी /पैठारीको अनुमतिपत्र ।

मिति : ................

श्री .......................

...........................

तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन/निकासी/पैठारीको लागि अनुमतिपत्र माग भई मिति ................मा परेको निवेदनमा कारबाही हुँदा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ तथा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०८० बमोजिमका शर्त पालना गर्ने गरी तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम देहाय बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन/निकासी/पैठारी गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. अनुमति प्राप्त व्यक्तिको विवरणः

(क) पूरा नामः

(ख) ठेगानाः

(ग) सम्पर्क टेलिफोन नम्बरः

(घ) स्थायी लेखा नम्बरः

(ङ) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानी नम्बरः

(च) उद्योग/व्यवसाय/फर्म/कम्पनीको हकमा दर्ता भएको निकायः

२. उत्पादन/निकासी/पैठारी अनुमति प्राप्त गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको विवरणः

(क) नामः

(ख) उत्पादन अनुमतिपत्रको हकमा,-

(१) उत्पादन गर्ने स्थानः

(२) उत्पादनको प्रयोजनः

(३) उत्पादन क्षमताः

(४) उत्पादन गर्ने परिमाणः

(५) उत्पादन गरिने तेजाब वा अन्य घातक रासायनिक पदार्थको स्तर र प्रकारः

(ग) निकासी अनुमतिपत्रको हकमा,-

(१) निकासी गरिने मुलुकः

(२) परिमाणः

(घ) पैठारी अनुमतिपत्रको हकमा,-

(१) पैठारी गरिने मुलुकः

(२) परिमाणः

(३) पैठारीको प्रयोजनः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रयोग हुने क्षेत्रः

(ङ) तेजाब वा अन्य घातक रासायनिक पदार्थको सम्मिश्रण, मात्रा तथा अन्य प्राविधिक विवरण (स्पेशिफिकेशन):

..................................................................................
..................................................................................
..................................................................................
..................................................................................

३. शर्तहरुः

(क) ....................................

(ख) ....................................

(ग) ........................................

(घ) ........................................

(ङ) ........................................

दस्तखतः

छापः नामः

पदः

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(नियम ३ को उपनियम (४) सँग सम्बन्धित)

अनुमतिपत्रको ढाँचा

(तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरणको लागि)

नेपाल सरकार

गृह मन्त्रालय

.................जिल्ला प्रशासन कार्यालय

विषय : तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरणको अनुमतिपत्र ।

मिति :.................

श्री .......................

............................

तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरणको लागि अनुमतिपत्र माग भई मिति ...............मा परेको निवेदनमा कारबाही हुँदा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ तथा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०८० बमोजिमका शर्त पालना गर्ने गरी तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिम देहाय बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरण गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अनुमति प्राप्त व्यक्तिको विवरणः

(क) पूरा नामः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) ठेगानाः

(ग) सम्पर्क टेलिफोन नम्बरः

(घ) स्थायी लेखा नम्बरः

(ङ) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानी नम्बरः

(च) उद्योग/व्यवसाय/फर्म/कम्पनीको हकमा दर्ता भएको निकायः

२. बिक्री वितरण गर्न अनुमति प्राप्त गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको विवरणः

(क) नामः

(ख) बिक्री वितरण गरिने स्थानः

(ग) तेजाब वा अन्य घातक रासायनिक पदार्थको सम्मिश्रण, मात्रा तथा अन्य प्राविधिक विवरण (स्पेशिफिकेशन):

..........................................................................................

..........................................................................................

३. <u>शर्तहरुः</u>

(क) ......................................

(ख) ......................................

(ग) ..........................................

(घ) ..........................................

(ङ) ..........................................

दस्तखतः

छापः नामः

पदः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

अनुमतिपत्रको नवीकरणको लागि दिइने निवेदनको ढाँचा

(तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन, निकासी वा पैठारीको लागि)

श्री गृह मन्त्रालय, मिति :................

सिंहदरबार, काठमाडौं।

विषय : अनुमतिपत्र नवीकरण गरिपाउँ ।

तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा ३ बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन/निकासी/पैठारी गर्न अनुमतिपत्र पाएकोमा सो अनुमतिपत्रको म्याद मिति ........... मा समाप्त हुने भएकोले ऐनको दफा ६ को उपदफा (२) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरणको लागि लाग्ने दस्तुर रु. ......... (अक्षरेपि.............)/ ऐनको दफा ६ को उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेकोले सोही दफाको उपदफा (३) बमोजिमको अवधिभित्र दोब्बर दस्तुर रु. ............ (अक्षरेपि .........) सहित यो निवेदन पेश गरेको छु ।

१. अनुमति प्राप्त व्यक्तिको विवरणः

(क) पूरा नामः

(ख) ठेगानाः

(ग) सम्पर्क टेलिफोन नम्बरः

(घ) स्थायी लेखा नम्बरः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानी नम्बरः

(च) उद्योग/व्यवसाय/फर्म/कम्पनीको हकमा दर्ता भएको निकायः

२. उत्पादन/निकासी/पैठारी अनुमति प्राप्त गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको विवरणः

(क) नामः

(ख) उत्पादन अनुमतिपत्रको हकमा,-

(१) उत्पादन गर्ने स्थानः

(२) उत्पादनको प्रयोजनः

(३) उत्पादन क्षमताः

(४) उत्पादन गर्ने परिमाणः

(५) अनुमतिपत्रको अवधि (पछिल्लो पाँच वर्ष) मा उत्पादन भएको परिमाणः

(अ) पहिलो वर्षः (आ) दोस्रो वर्षः

(इ) तेस्रो वर्षः (ई) चौथो वर्षः

(उ) पाँचौं वर्षः

(६) उत्पादन गरिने तेजाब वा अन्य घातक रासायनिक पदार्थको स्तर र प्रकारः

(ग) निकासी अनुमतिपत्रको हकमा,-

(१) निकासी गरिने मुलुकः

(२) परिमाणः

(३) अनुमतिपत्रको अवधि (पछिल्लो पाँच वर्ष) मा निकासी गरिएको परिमाणः

(अ) पहिलो वर्षः (आ) दोस्रो वर्षः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(इ) तेस्रो वर्षः (ई) चौथो वर्षः

(उ) पाँचौं वर्षः

(घ) पैठारी अनुमतिपत्रको हकमा,-

(१) पैठारी गरिने मुलुकः

(२) परिमाणः

(३) पैठारीको प्रयोजनः

(४) प्रयोग हुने क्षेत्रः

(५) अनुमतिपत्रको अवधि (पछिल्लो पाँच वर्ष) मा पैठारी भएको परिमाणः

(अ) पहिलो वर्षः (आ) दोस्रो वर्षः

(आ) तेस्रो वर्षः (ई) चौथो वर्षः

(उ) पाँचौं वर्षः

(ङ) तेजाब वा अन्य घातक रासायनिक पदार्थको सम्मिश्रण, मात्रा तथा अन्य प्राविधिक विवरण (स्पेशिफिकेशन):

.............................................................................................

.............................................................................................

.......................

३. संलग्न कागजातहरुः

(क) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानीको प्रतिलिपि,

(ख) उद्योग/व्यवसाय/फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन/निकासी/पैठारी गर्न प्राप्त गरेको अनुमतिपत्र,

(ङ) सम्बन्धित मन्त्रालयको सिफारिस ।

निवेदकको,-

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क टेलिफोन नम्बर :

संस्थाको तर्फबाट भए पदः

संस्थाको तर्फबाट भए छापः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-६

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

अनुमतिपत्रको नवीकरणको लागि दिइने निवेदनको ढाँचा

(तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरणको लागि)

श्री प्रमुख जिल्ला अधिकारी, मितिः....................

.............जिल्ला प्रशासन कार्यालय।

विषयः अनुमतिपत्र नवीकरण गरिपाउँ ।

तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा ३ बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरण गर्न अनुमतिपत्र पाएकोमा सो अनुमतिपत्रको म्याद मिति ............ मा समाप्त हुने भएकोले ऐनको दफा ६ को उपदफा (२) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरणको लागि लाग्ने दस्तुर रु. ........ (अक्षरेपि .......)/ऐनको दफा ६ को उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेकोले सोही दफाको उपदफा (३) बमोजिमको अवधिभित्र दोब्बर दस्तुर रु. ........ (अक्षरेपि .....) सहित यो निवेदन पेश गरेको छु ।

१. अनुमति प्राप्त व्यक्तिको विवरणः
   (क) पूरा नामः
   (ख) ठेगानाः
   (ग) सम्पर्क टेलिफोन नम्बरः
   (घ) स्थायी लेखा नम्बरः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानी नम्बरः

(च) उद्योग/व्यवसाय/फर्म/कम्पनीको हकमा दर्ता भएको निकायः

२. बिक्री वितरण गर्न अनुमति प्राप्त गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको विवरणः

(क) नामः

(ख) बिक्री वितरण गरिने स्थानः

(ग) तेजाब वा अन्य घातक रासायनिक पदार्थको सम्मिश्रण, मात्रा तथा अन्य प्राविधिक विवरण (स्पेशिफिकेशन):

..............................................................................

..............................................................................

..............................................................................

..............................................................................

(घ) अनुमतिपत्रको अवधि (पछिल्लो पाँच वर्ष) मा बिक्री वितरण भएको परिमाणः

(अ) पहिलो वर्षः (आ) दोस्रो वर्षः

(इ) तेस्रो वर्षः (ई) चौथो वर्षः

(उ) पाँचौं वर्षः

३. संलग्न कागजातहरुः

(क) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानीको प्रतिलिपि,

(ख) उद्योग/व्यवसाय/फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरण गर्न प्राप्त गरेको अनुमतिपत्र,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण ।

निवेदकको,-
दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क टेलिफोन नम्बर :
संस्थाको तर्फबाट भए पद:
संस्थाको तर्फबाट भए छाप:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-७

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

अनुमतिपत्र प्राप्त व्यक्तिले पैठारीको लागि पूर्व स्वीकृति पाउन दिने निवेदनको ढाँचा

श्री गृह मन्त्रालय, मितिः...........

सिंहदरबार, काठमाडौं ।

विषयः तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्न स्वीकृति पाउँ ।

तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारीको लागि अनुमतिपत्र प्राप्त गरेकोले देहाय बमोजिमको तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्न स्वीकृति पाउनको लागि तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा १४ को उपदफा (१) बमोजिम यो निवेदन पेश गरिएको छः-

१. अनुमतिपत्र नम्बरः
२. अनुमतिपत्र पाएको मितिः
३. अनुमतिपत्र बहाल रहने अवधिः
४. पैठारी गर्ने तेजाब वा अन्य घातक रासायनिक पदार्थको नामः
५. पैठारी गर्ने तेजाब वा अन्य घातक रासायनिक पदार्थको परिमाणः
६. पैठारीको प्रयोजनः
७. पैठारी गर्ने मुलुकः
८. पैठारी हुने नाका/भन्सार विन्दुः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. पैठारीकर्ताको,-

(क) नाम:

(ख) ठेगाना:

(ग) सम्पर्क टेलिफोन नम्बर:

(घ) स्थायी लेखा नम्बर:

संलग्न कागजातहरु:

(क) अनुमतिपत्रको प्रतिलिपि,

(ख) निवेदकको राष्ट्रिय परिचयपत्र/ नागरिकता/ राहदानीको प्रतिलिपि ।

निवेदकको,-

दस्तखत:

नाम:

ठेगाना:

संस्थाको तर्फबाट भए पद:

संस्थाको तर्फबाट भए छाप:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-८

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

उद्योगले पैठारीको लागि पूर्व स्वीकृति पाउन दिने निवेदनको ढाँचा

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।                                                  मितिः.................

विषयः तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्न स्वीकृति पाउँ ।

देहाय बमोजिमको उद्योगको लागि देहाय बमोजिमको तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्न तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा १४ को उपदफा (४) बमोजिम स्वीकृति पाउनको लागि यो निवेदन पेश गरिएको छः-

१. उद्योगको विवरण,-
   (क) उद्योगको नामः
   (ख) उद्योगको ठेगानाः
   (ग) उद्योगको प्रकारः
   (घ) उद्योगको दर्ता नम्बर/इजाजतपत्र नम्बरः
   (ङ) उद्योगको दर्ता/इजाजतपत्र कायम रहने अवधिः
   (च) स्थायी लेखा नम्बरः
२. पैठारी गर्ने तेजाब वा अन्य घातक रासायनिक पदार्थको नामः
३. पैठारी गर्ने तेजाब वा अन्य घातक रासायनिक पदार्थको परिमाणः
४. पैठारीको प्रयोजनः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. पैठारी गर्ने मुलुकः

६. पैठारी हुने नाका/भन्सार विन्दुः

संलग्न कागजातः

(क) उद्योगको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

निवेदकको,-

दस्तखतः

नामः

पदः

छापः

सम्पर्क टेलिफोन नम्बरः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-९

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

पैठारी गर्ने स्वीकृतिपत्रको ढाँचा

नेपाल सरकार

गृह मन्त्रालय

विषयः तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्ने स्वीकृतिपत्र।

श्री .......................।                                    मितिः.....................

तपाईं/त्यस संस्था/उद्योगको तर्फबाट तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्न स्वीकृति पाउनको लागि यस मन्त्रालयमा निवेदन पेश भएकोमा यस मन्त्रालयको मिति..............को निर्णय अनुसार तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ तथा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०८० बमोजिमका शर्त पालना गर्ने गरी तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्न स्वीकृति दिइएको छः-

१. पैठारी गर्न स्वीकृति पाउने व्यक्ति/संस्था/उद्योगको नामः
२. पैठारी गर्न स्वीकृति दिइएको तेजाब वा अन्य घातक रासायनिक पदार्थको नामः
३. पैठारी गर्न स्वीकृति दिइएको परिमाणः
४. पैठारीको प्रयोजनः
५. पैठारी गर्ने मुलुकः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. पैठारी हुने नाका/भन्सार विन्दुः
७. पैठारी गरिसक्नु पर्ने अवधिः

दस्तखतः
छापः नामः
पदः

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१०

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गर्नु पूर्व स्वीकृतिको लागि दिने निवेदनको ढाँचा

श्री प्रमुख जिल्ला अधिकारीज्यू,

................................ । मितिः............

विषयः तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गर्न स्वीकृति पाउँ ।

देहाय बमोजिमको तेजाब वा अन्य घातक रासायनिक पदार्थ देहायको परिमाणमा प्रयोग गर्नु पर्ने भएकोले तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा ११ को उपदफा (४) तथा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०८० को नियम ९ बमोजिम स्वीकृति पाउनको लागि यो निवेदन पेश गरिएको छः-

१. प्रयोग गर्ने तेजाब वा अन्य घातक रासायनिक पदार्थको नामः

२. परिमाणः

३. प्रयोजनः

४. प्रयोग गर्ने स्थानः

५. प्रयोग गर्ने समयः

६. प्रयोग गर्ने उद्योग/प्रयोगशाला/ अनुसन्धानशाला/ शैक्षिकसंस्था/ कार्यशाला/ वर्कशप/धातुका गहना बनाउने/अन्य व्यावसायिक काम गर्ने फर्म/कम्पनी/व्यक्तिको,-

(क) नामः

(ख) ठेगानाः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सम्पर्क व्यक्तिको नाम:

(घ) सम्पर्क टेलिफोन नम्बर:

(ङ) स्थायी लेखा नम्बर:

(च) अन्य व्यावसायिक काम गर्ने फर्म/कम्पनी/व्यक्तिको व्यवसायको प्रकृति:

संलग्न कागजातहरु:

(क) निवेदकको राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानीको प्रतिलिपि,

(ख) फर्म/कम्पनीको हकमा दर्ता/इजाजतपत्रको प्रतिलिपि ।

निवेदकको,-

दस्तखत:

नाम:

ठेगाना:

संस्थाको तर्फबाट भए पद:

संस्थाको तर्फबाट भए छाप:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-११

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

प्रयोग गर्ने स्वीकृतिपत्रको ढाँचा

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय ...........

विषयः तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गर्ने स्वीकृतिपत्र।

श्री ......................।                                        मितिः............

तपाईं/त्यस संस्था/उद्योगको तर्फबाट तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गर्न स्वीकृति पाउनको लागि यस कार्यालयमा निवेदन पेश भएकोमा यस कार्यालयको मिति..............को निर्णय अनुसार तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ तथा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०८० बमोजिमका शर्त पालना गर्ने गरी देहाय बमोजिमको तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गर्न स्वीकृति दिइएको छ ।

१. प्रयोग गर्न स्वीकृति पाउने उद्योग/ प्रयोगशाला/ अनुसन्धानशाला/शैक्षिक संस्था /कार्यशाला/वर्कशप/ धातुका गहना बनाउने/ अन्य व्यावसायिक काम गर्ने फर्म/कम्पनी/व्यक्तिको नामः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. प्रयोग गर्न स्वीकृति दिइएको तेजाब वा अन्य घातक रासायनिक पदार्थको नामः

३. परिमाणः

४. प्रयोजनः

५. प्रयोग गर्ने स्थानः

६. स्वीकृतिपत्र मान्य रहने अवधिः

दस्तखतः

छापः नामः

पदः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१२
(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)
तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन/निकासी/ पैठारीको विवरण पेश गर्ने ढाँचा

श्री..............................
मार्फत........................

विषयः तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन/ निकासी /पैठारीको विवरण पेश गरेको ।

तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा १० को उपदफा (१) बमोजिम देहायको तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन/निकासी /पैठारीको विवरण पेश गरिएको छः-

१. विवरण पेश गर्ने व्यक्तिको नामः
२. विवरण पेश गर्ने व्यक्तिको ठेगानाः
३. अनुमतिपत्र नम्बरः
४. अवधिः ...................... देखि ....................... सम्म ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क. सं | तेजाब वा अन्य घातक रासायनिक पदार्थको नाम | उत्पादन/ निकासी/ पैठारीको परिमाण | उत्पादन/ निकासी/ पैठारीको अवधि | उत्पादनको हकमा उत्पादन क्षमता | उत्पादन क्षमता बमोजिम उत्पादन भए नभएको विवरण | मौज्दात परिमाण | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

विवरण तयार गर्नेको नामः

पद (संस्थाको हकमा)

सहीछापः

प्रमाणित गर्नेको नामः

पद (संस्थाको हकमा):

सहीछापः

छाप (संस्थाको हकमा):



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१३

(नियम १८ को उपनियम (२) सँग सम्बन्धित)

तेजाब वा अन्य घातक रासायनिक पदार्थलाई कच्चा पदार्थ वा सहायक कच्चा पदार्थको रुपमा प्रयोग गरी वस्तु उत्पादन गर्ने उद्योगले विवरण पेश गर्ने ढाँचा

श्री..........................

मार्फत.....................

विषयः तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन/निकासी /पैठारीको विवरण पेश गरेको ।

तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा १० को उपदफा (१) बमोजिम देहायको तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन/निकासी /पैठारीको विवरण पेश गरिएको छः-

१. विवरण पेश गर्ने उद्योगको नामः

२. विवरण पेश गर्ने उद्योगको ठेगानाः

३. अवधिः ..................... देखि .......................सम्म ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र.सं. | उद्योगबाट उत्पादन हुने वस्तुको नाम | उत्पादन क्षमता | उत्पादन भएको परिमाण | प्रयोग भएको तेजाब वा अन्य घातक रासायनिक पदार्थको नाम | वस्तु उत्पादनका लागि तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग हुने अनुपात | प्रयोग भएको तेजाब वा अन्य घातक रासायनिक पदार्थको परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

विवरण तयार गर्नेको नामः
पद (संस्थाको हकमा):
सहीछापः

प्रमाणित गर्नेको नामः
पद (संस्थाको हकमा):
सहीछापः

छाप (संस्थाको हकमा):



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१४
(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

तेजाब वा अन्य घातक रासायनिक पदार्थ खरिद गर्न माग गर्ने ढाँचा

श्री .............. (अनुमतिपत्र प्राप्त व्यक्तिको नाम), मिति:.............
................ (अनुमतिपत्र प्राप्त व्यक्तिको ठेगाना) ।

विषय: तेजाब वा अन्य घातक रासायनिक पदार्थ खरिद गर्न पाउँ ।

देहाय बमोजिमको तेजाब वा अन्य घातक रासायनिक पदार्थ आवश्यक परेकोले देहायको परिमाणमा खरिद गर्न दिनु हुन अनुरोध छ:-

१. खरिद गर्न चाहेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको विवरण:
   (क) नाम:
   (ख) परिमाण:
   (ग) प्रयोजन:
२. खरिदकर्ताको विवरण:
   (क) पूरा नाम:
   (ख) ठेगाना:
   (ग) उमेर:
   (घ) राष्ट्रिय परिचयपत्र/नागरिकता/राहदानी नम्बर:
   (ङ) बाबु र आमाको नाम:
   (च) सम्पर्क टेलिफोन नम्बर:
   (छ) स्थायी लेखा नम्बर:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) उद्योग/व्यवसाय/फर्म/कम्पनी भए सो दर्ता भएको निकायः

(झ) दस्तखतः

भरपाई

देहाय बमोजिमको तेजाब वा अन्य घातक रासायनिक पदार्थ खरिद गरी यो भरपाई गरिदिएको छु। यो तेजाब जुन प्रयोजनको लागि खरिद गरेको हो सो बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्ने छैन । गरेमा कानून बमोजिम सजाय भोग्न तयार छु ।

खरिदकर्ताको दस्तखतः बिक्रेताको दस्तखतः
पूरा नामः बिक्रेताको नामः
उद्योग/व्यवसाय/फर्म/कम्पनीको तर्फबाट भए पदः
मितिः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१५

(नियम २० को उपनियम (१) सँग सम्बन्धित)

**तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्रीको अभिलेख**

१. बिक्रीको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको नामः

२. ठेगानाः

३. अनुमतिपत्र नम्बरः

| क स | बिक्री गरेको मिति र समयः | खरिदकर्ता को नाम | खरिदकर्ता को ठेगाना | राष्ट्रिय परिचयपत्र/ नागरिकता /राहदानी नम्बर | खरिद कर्ताको बाबु र आमा को नाम | खरिदकर्ता उद्योग/ व्यवसाय/ फर्म/ कम्पनी भए दर्ता भएको निकाय | खरिदकर्ता उद्योग/ व्यवसाय/ फर्म/ कम्पनी भए खरिद गर्न आउने व्यक्तिको नाम | सम्पर्क टेलिफोन नम्बर | बिक्री गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको नाम | बिक्री गरेको परिमाण | प्रयोजन | खरिद कर्ताको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१६

(नियम २१ सँग सम्बन्धित)

<u>नष्ट वा विसर्जन गरिएको तेजाव वा अन्य घातक रासायनिक पदार्थको अभिलेख</u>

१. नष्ट वा विसर्जन गर्नु पर्ने कारणः

२. नष्ट वा विसर्जन गरिएको तेजाव वा अन्य घातक रासायनिक पदार्थको विवरणः

| क्र.सं. | तेजाब वा अन्य घातक रासायनिक पदार्थको नाम | परिमाण | नष्ट वा विसर्जन गर्नुपर्ने कारण | कसूर | नष्ट वा विसर्जन गरिएको स्थान | नष्ट वा विसर्जन गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

विवरण तयार गर्नेको नामः

सहीछापः

प्रमाणित गर्नेको नामः

सहीछापः

<u>रोहवरः</u>

१.

२.

**आज्ञाले,**

**दिनेश भट्टराई**

**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.३५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।